# सूर्यविनायक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कटुञ्जे, भक्तपुर
वागमती प्रदेश, नेपाल

**पत्र संख्या** : ०७७/०७८ (न्यायिक)
**चलानी नं.** : २६६०

मिति : २०७८।०१।०८

**विषय** : मतदाता नामावली संकलन सम्बन्धमा ।

श्री वडा कार्यालय सबै (दश)
सू.न.पा., भक्तपुर

प्रस्तुत विषयमा मतदाता नामावली संकलन तथा अद्यावधिक कार्य सूचारु भएको सम्बन्धमा जिल्ला निर्वाचन कार्यालय भक्तपुरको च.न. ११७ मिति २०७८।१।२ को पत्रको फोटोकपी यसैसाथ राखी पठाइएको छ । मतदाता नामावली संकलन तथा अद्यावधिक गर्ने सम्बन्धमा सोही बमोजिम गर्नुगराउनु हुन जानकारीको लागि अनुरोध छ ।

(सुरज पौडेल)
सहायक निर्देशक

निर्वाचन आयोग
# जिल्ला निर्वाचन कार्यालय
भक्तपुर

प. सं. :- ०७७/७८
च. नं. ९१६

सूर्यविनायक नगरपालिका
दर्ता नं.- २६६६
मिति ०७८/१/१८

मिति २०७८।०१।०२

सबै राजनीतिक दलहरू
सबै स्थानीय तहहरू

**विषय: मतदाता नामावली सङ्लन तथा अद्यावधिक कार्य सुचारू भएको सम्बन्धमा।**

प्रस्तुत विषयमा यस कार्यालयमा फोटो सहितको मतदाता नामाबली संकलन तथा अद्यावधिक सम्बन्धी कार्य सुचारू भएको ब्यहोरा अनुरोध छ । मतदाता नामावलि सङ्कनका लागी मतदाता नामावली ऐन,२०७३ अनुसार तपसिल बमोजिम हुने ब्यहोरा समेत अनुरोध छ ।

तपसिल

- मतदाता नामावली नाम दर्ताका लागी नेपाली नागरिकताको प्रमाण पत्रको सक्कल तथा प्रतिलिपि सहित स्वयम उपस्थिति हुनु पर्ने,
- ना.प्र.न.को ठेगाना र हाल बसोबास गरेको ठेगाना फरक परेमा वा ठाउँ सार्नु पर्ने भएमा
  सक्कल नागरिकताको प्रमाण पत्र सहित,नागरिकता प्रमाणपत्रको प्रतिलिपि,बसाई सराई प्रमाण पत्रको प्रतिलिपि,बिवाह गरी आएको भए विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपि
- मतदाता परिचय प्रमाण पत्रमा त्रुटी भएमा
  नागरिकता प्रमाण पत्रको प्रतिलिपि र मतदाता परिचय प्रमाणको प्रतिलिपि
- कुनै मतदाताको मृत्यु भएमा,नागरिकता त्याग गरेमा वा मतदाता नामावलिमा दोहोरो नाम रहेमा मतदाता नामावलिबाट नाम हटाउनका लागी निबेदन दिनु पर्ने

( कृष्ण बहादुर कुँवर )
(जिल्ला निर्वाचन अधिकारी

जिल्ला निर्वाचन अधिकारी
भक्तपुर

Web: www.election.gov.np • Email: ec.deo.bhaktapur@gmail.com • Phone: 016-614525, Fax: 016-614525